# वीरगंज महानगरपालिका
## महानगर कार्यपालिकाको कार्यालय

वीरगंज, पर्सा

मधेश प्रदेश, नेपाल

२०७४

कृषि तथा पशुपन्छी विकास प्रवर्द्धन शाखा

प.सं. २०८१।०८२

च.नं. 2393

मिति : २०८१/०७/२९

श्री भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र
वीरगंज, पर्सा ।

विषयः सुचना टाँस गरी जानकारी पठाईएको बारे ।

प्रस्तुत विषयमा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको प.स. २०८१।०८२ च.नं. १३० र मिति २०८१।७।२८ को पत्र प्राप्त भई व्यहोरा अवगत भई यस कार्यालयको सुचना पाटीमा उक्त सुचना टाँस भएको व्यहोर जानकारीको लागि अनुरोध छ ।

सन्तोष कुमार ठाकुर
पशु सेवा प्राविधिक
नायब सुब्बा

"दिगो विकासको नगर-स्वस्थ, सवच्छ र सुन्दर वीरगंग शहर"

आदर्शनगर, वीरगंज, पर्सा, नेपाल, फोन नं. ९७७ ०५१ ५१८४३०, ०५१-५२८०८५, ०५१-५२२०१४, ०५१-५१८०१४
Web :- www.birgunjmun.gov.np e-mail:- info@birgunjmun.gov.np, ito.birgunjmun@gmail.com

CS Scanned with CamScanner

**मधेश प्रदेश सरकार**
**भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**
**पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालय**

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

वीरगंज, पर्सा

## प्रस्ताव आह्वान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८१/०७/२८**

यस कार्यालयको आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रमबमोजिम तपसिलअनुसारको कार्यक्रम संचालनका लागि "कृषि क्षेत्रमा अनुदान" परिचालन कार्यविधि २०७६ (पहिलो संशोधन, २०७७) तथा मत्स्य विकास कार्यक्रमको प्राविधिक मापदण्ड तथा संचालन बिधि, २०८१ मा उल्लेखित प्रावधान तथा शर्तहरूबमोजिम लागत साझेदारीमा संचालन गर्न इच्छुक कृषकहरूले देहायका कागजातहरू सहित ३० औं दिन (मिति २०८१/०८/२७) सम्म कार्यालय समय भित्र खामबन्दी प्रस्ताव पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। यस सम्बन्धमा थप जानकारीका लागि यस कार्यालयको सूचना अधिकृत धनसुनदर प्रसाद साह (**मोबाईल नं. ९८५५०८९९८०**) र छैठौं अधिकारी राम विनोद यादव (**मोबाईल नं. ९८४४३२१०६०**) लाई सम्पर्क गर्नु हुन अनुरोध छ।

**तपसिल**

| क्र.सं. | कार्यक्रमको नाम | ईकाइ | परिमाण | कूल अनुदान रकम | प्रति लाभग्राही अधिकतम अनुदान रकम | लागत साझेदारी | साझेदार अनुदानग्राही | पेश गर्नुपर्ने आवश्यक थप कागजातहरु |
|---|---|---|---|---|---|---|---|---|
| १. | पशु आहारा आत्मनिर्भर कार्यक्रम | पटक | ४ | १५ लाख | रु. ३ लाख ७५ हजार | ५०% | कृषक/फार्म/समूह/सहकारी | |
| २. | दुध जोन कार्यक्रम | संख्या | २ | ३० लाख | रु. १५ लाख | ५०% | पशुपालनमा आवद्ध समूह/सहकारी/दुध संकलन केन्द्र | कम्तिमा दैनिक २० हजार लि. दुध उत्पादन हुने क्षेत्र खुलाईएको स्थानीय तहको सिफारिस पत्र। |
| ३. | माँगमा आधारित पशुपन्छी फार्महरू पुर्नस्थापना तथा सुधार कार्यक्रम | पटक | १ | २० लाख | रु. २ लाख | ५०% | व्यवसायिक पशुपन्छी फार्महरू | प्राकृतिक प्रकोपबाट हानी नोक्सानी सम्बन्धी स्थानीय तहको सिफारिस पत्र। |
| ४. | हरूवाचरुवा, दलित लगायत लक्षित वर्गको जीविकोपार्जनका लागि १००% अनुदानमा पशुपन्छी पालन कार्यक्रम | पटक | १ | २५ लाख | रु. ४.१६५ लाख | १००% | हरूवाचरुवा लगायत लक्षित वर्गको समूह | ▶ सम्बन्धित स्थानीय तहबाट हरूवाचरुवा वर्ग दलित लगायत वर्ग पहिचान हुने सिफारिस पत्र।<br>▶ समूह भित्रका सबै सदस्यहरूको नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी।<br>▶ सम्बन्धित निकायमा समूह दर्ता भएको प्रमाण पत्रको प्रतिलिपी।<br>▶ समूहको बैठक निर्णय प्रतिलिपी। |
| ५. | पशुपालन असल अभ्यास कार्यक्रम | पटक | १ | ५ लाख | रु. ५० हजार | ५०% | व्यवसायिक गाई, भैंसी, बाख्रा फार्महरू | |
| ६. | समूह/सहकारी कृषकहरूलाई जि.बि. लागि बोयर बाख्रा वितरण कार्यक्रम | पटक | १ | ३० लाख | | ५०% | समूह/सहकारी/कृषकहरूलाई | |
| ७. | नयाँ दुध संकलन तथा चिस्यान केन्द्र स्थापना | पटक | ४ | २० लाख | रु. ५ लाख | ५०% | | |
| ८. | मत्स्य उत्पादक बृद्धि कार्यक्रम | पटक | १ | ५० लाख | रु. १ लाख ५१ हजार | ५०% | कृषक/निजी फार्मको हकमा कम्तिमा १० कट्ठा जलाश्य क्षे./सहकारीको हकमा कम्तिमा १ बिघा जलाश्य | |

**आवेदन साथ पेश गर्नुपर्ने आवश्यक कागजाताहरू:**

१. रु. १० को हुलाक टिकट टाँसेको फारम नं. २ अनुसारको प्रस्ताव/आवेदन,
२. आवेदकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी,
३. कृषक समूह/सहकारी/व्यवसायिक फार्मको सम्वन्धित निकायमा दर्ता भएको प्रमाणको प्रतिलिपी,
४. स्थायी लेखा नं (PAN) प्रमाण पत्रको प्रतिलिपी, कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी, तालिम, शैक्षिक योग्यता प्रमाण पत्रका प्रतिलिपीहरू,
५. फा.नं. ३ अनुसारको संक्षिप्त कार्ययोजना, लागत प्रतिवद्धता (स्वघोषणा), कार्यक्रम संचालन हुने स्थानीय तहको कृषि एवं पशुपन्छी शाखाको सिफारिस,
६. जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपी वा लिजमा लिएको जग्गाको हकमा जग्गाधनी प्रमाणपुर्जा समेत करार पत्र (नोटरी पब्लिकबाट प्रमाणित) वा जग्गाधनीको सक्कल मन्जुरीनामा (कम्तिमा ५ वर्ष अवधिको)
७. कृषक समूह/सहकारीको हकमा कार्यक्रम कार्यान्वयन प्रतिवद्धता (बैठक) निर्णयको प्रतिलिपी,
८. अन्य आवश्यक कागजातहरू।